केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
टेलिग्राम : "रावा"
टेलेक्स : २२०७ रावा एनपी
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक

## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/३०/०६७/६८ मितिः २०६८/०३/१३

**इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु,**

महाशय,

यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुको लागि जारी एकीकृत निर्देशन, २०६७ को इ.प्रा.निर्देशन नं. २।०६७ को दफा १८ पछि देहायको प्रतिवन्धात्मक वाक्यांश थप गरिएको हुँदा सोही बमोजिम गर्न/गराउन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ ।

*"तर "क", "ख" र "ग" वर्गका इजाजतपत्रप्राप्त संस्थाले आफूलाई मान्य हुने असल कर्जा वा कुनै पनि प्रकृतिको सम्पत्तिको धितो सुरक्षण लिई बढीमा छ महिनासम्मको लागि देहायका शर्तको अधिनमा रही एक आपसमा कर्जा/सापटी कारोवार गर्न उक्त व्यवस्थाले वाधा पुर्‍याएको मानिने छैन ।*

*(क) यसरी लिने कर्जा/सापटी तरलता व्यवस्थापन गर्न तथा निक्षेपकर्तालाई भुक्तानी दिन मात्र उपयोग गर्नुपर्ने छ ।*

*(ख) यस्तो कर्जा/सापटी लिने संस्थाले सो कर्जा चुक्ता नगरुन्जेलसम्म कर्जा प्रवाह गर्न पाउने छैन ।*

*(ग) यस्तो कर्जा/सापटीको रकम २०६९ साल आषाढ मसान्तभित्र राफसाफ गरिसक्नु पर्नेछ ।"*

भवदीय,

भाष्करमणि ज्ञवाली
कार्यकारी निर्देशक

<u>बोधार्थ</u> :

१. श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय ।
२. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
३. श्री नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
४. श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।
५. श्री नेपाल राष्ट्र बैंक, अनुसन्धान विभाग ।
६. श्री नेपाल राष्ट्र बैंक, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग ।
७. श्री नेपाल राष्ट्र बैंक, कानुन महाशाखा ।
८. श्री नेपाल बैंकर्स संघ, हेरिटेजप्लाजा, काठमाण्डौं ।
९. श्री डेभलपमेण्ट बैंकर्स एसोसिएसन, अनामनगर, काठमाण्डौं ।
१०. श्री नेपाल वित्तीय संस्था संघ, जमल, काठमाण्डौं ।
११. श्री नेपाल लघुवित्त बैंकर्स संघ, कुलेश्वर, काठमाडौं ।